# भद्रपुर नगरपालिका

भद्रपुर, झापा, कोशी प्रदेश, नेपाल

**नदीजन्य पदार्थको बिक्रीको लागि बोलपत्र आव्हान सम्बन्धी सूचना**

**चौथो पटक प्रकाशित मितिः-२०८०।०८।२८**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४(च) र यस भद्रपुर नगरपालिकाको आर्थिक ऐन, आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि, २०८०, ढुङ्गा गिटी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ तथा भद्रपुर नगर कार्यपालिकाको मिति २०८०/०८/२५ को निर्णय अनुसार यस नगरपालिकाको अध्यावधिक आइइ प्रतिवेदनमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य सामाग्री उत्खनन् गरी भद्रपुर नगरिपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व.०७९/०८० को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसील बमोजिमका शर्तहरुका अधिनमा रहि बोलपत्र प्रकियामा सहभागी हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

**तपसिल**

| सि.नं | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन मि.) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | BDP/GOODS/RIVER/NCB-01(1)-080-81 | मेचि नदीको देवि बस्ती र देवि बस्ती उत्तर पुर्व नाका प्याकेज न.१ को नदीजन्य सामाग्री उत्खनन् तथा बिक्री | २३८५० घ.मि. | ४८,००,८९७६७ (अठचालिस लाख आठ सय सन्तानब्वे रुपैया सठ्सठि पैसा मात्र ।) | कबोल अंकको ५(पाँच) प्रतिशत | ३०००।०० |

**शर्तहरुः-**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर वापत राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, भद्रपुर रहेको यस कार्यालयको खाता नं. २२१०१००३०१०१०००३ मा नगद जम्मा गरेको नगद भौचर यस सूचना तेश्रो पटक प्रकाशन भएको मितिले ८औं दिन अर्थात मिति २०८०।०९।०५ गते १२.०० बजे सम्म बोलपत्र फारम खरिद गरी भरि बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गरी पेश गर्नु पर्ने छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफुले कबोल गरेको अंकको ५% प्रतिशतको दरले हुने आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक मा रहेको धरौटी खाता नं. २२१०१००३०३००००३ (कार्यालय कोड नं. ८०१०१११२)जम्मा गरि सोको सक्कल बैंक भौचर नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरि १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८०।०९।०५ दिनको १३:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको

प्रमुख प्रशासकीय अधिकृत

रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

४. बोलपत्र सम्बन्धि विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारामा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रित नपुगी वा शर्तसहित पेश हुने आएमा बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिन भित्र मु.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ताबापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोश्रो किस्ताबापत २५ प्रतिशत र तेस्रो किस्ता बापत २५ प्रतिशतले हुने रकम बराबरको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नामबाट २०८१ आषाढ मसान्तसम्म म्याद रहि जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ % भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

६. ठेक्का कबोल रकम एकमुष्ट बुझाएमा कबोल अंकको १० प्रतिशत छुट दिइनेछ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ ,भद्रपुर नगरपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।

(नोट: विस्तृत जानकारीका लागि यस कार्यालको website: www.bhadrapurmun.gov.np मा समेत हेर्न सकिनेछ। )

भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय भद्रपुर झापा कोशी प्रदेश नेपाल

प्रमुख प्रशासकीय अधिकृत

# भद्रपुर नगरपालिका

भद्रपुर, झापा, कोशी प्रदेश, नेपाल

**नदीजन्य पदार्थको बिक्रीको लागि बोलपत्र आव्हान सम्बन्धी सूचना**

**चौथो पटक प्रकाशित मितिः-२०८०।०८।२८**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४(ख) र यस भद्रपुर नगरपालिकाको आर्थिक ऐन, आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि, २०८०, ढुङ्गा गिटी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ तथा भद्रपुर नगरकार्यपालिकाको मिति २०८०/०८/२५ को निर्णय अनुसार यस नगरपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य सामाग्री उत्खनन् गरी भद्रपुर नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व.०७९/०८० को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसील बमोजिमका शर्तहरुका अधिनमा रहि बोलपत्र प्रकियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

<u>तपसिल</u>

| सि.न | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन मि.) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | BDP/GOODS/RIVER/NCB-01(2)-080-81 | मेचि नदीको किचकबढ/ बिश्वटोल नाका प्याकेज न.२ को नदीजन्य सामाग्री उत्खनन् तथा बिक्री | १६८०० घ.मि. | २६,४०,१४९।४० (छब्बिस लाख चालिस हजार एक सय उनपचास रुपैया चालिस पैसा मात्र ।) | कबोल अंकको ५(पाँच) प्रतिशत | ३०००।०० |

**<u>शर्तहरु:-</u>**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, भद्रपुर रहेको यस कार्यालयको खाता नं. २२१०१००३०१०१०००३ मा नगद जम्मा गरेको नगद भौचर यस सूचना तेस्रो पटक प्रकाशन भएको मितिले ८औं दिन अर्थात मिति २०८०।०९।०५ गते १२.०० बजे सम्म बोलपत्र फाराम खरिद गरी भरि बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गरी पेश गर्नु पर्ने छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफूले कबोल गरेको अंकको ५% प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक मा रहेको धरौटी खाता नं. २२१०१००३०३०००००३ (कार्यालय कोड नं. ८०१०१११२)जम्मा गरि सोको सक्कल बैंक भौचर नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरि १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिक्युरिटी साथ पेश गर्नुपर्नेछ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८०।०९।०५ दिनको १३.०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको

गेहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

४. बोलपत्र सम्बन्धि विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारामा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रित नपुगी वा शर्तसहित पेश हुने आएमा बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहेनछ ।

५. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिन भित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ताबापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोश्रो किस्ताबापत २५ प्रतिशत र तेस्रो किस्ता बापत २५ प्रतिशतले हुने रकम बराबरको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नामबाट २०८१ आषाढ मसान्तसम्म म्याद रहि जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ ％ भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुटै बुझाउनु पर्नेछ ।

६. ठेक्का कबोल रकम एकमुष्ट बुझाएमा कबोल अंकको १० प्रतिशत छुट दिइनेछ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ ,भद्रपुर नगरपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।

(नोटः विस्तृत जानकारीका लागि यस कार्यालको website: www.bhadrapurmun.gov.np मा समेत हेर्न सकिनेछ ।)